2

# आमांछोदिङमो गाउँपालिकाको आर्थिक ऐन २०७९

**प्रस्तावना**: आमाछोदिङमो गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम आमाछोदिङमो गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (२) यस ऐनको नाम **आमाछोदिङमो** गाउँपालिकाको आर्थिक ऐन, २०७९" रहेको छ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि **आमाछोदिङमो** गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति कर**: गाउँपालिका क्षेत्रभित्र अनुसूचि बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ

३. **भूमि कर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनुसूचि बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन कर**: गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन कर**: गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क**: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचिमा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्क**: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क**: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूचि बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुर:** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूचीमा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **प्राकृतिक स्रोत साधन कर:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको प्राकृतिक स्रोत साधन ढुङ्गा गिट्टी बालुवा तथा माटो आदिको व्यावसायिक उत्खनन तथा विक्रि वितरण गरे बापत अनुसूचीमा व्यवस्था भए बमोजिमको कर लगाइनेछ ।

१६. स्थानीय तहले संकलन गर्ने गरी नेपाल सरकार बागमति प्रदेश सरकारले लागु गरेका कानुन, मापदण्ड, नीति नियम बमोजिमका कर तथा शुल्कहरु संकलन गर्ने ।

१७. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन

१८. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची

(आर्थिक ऐन २०७९/८० को दफा २ - १५ बमोजिम)
विभिन्न शीर्षकका कर, दस्तुर तथा सेवाशुल्कहरु

| क्र.सं. | विवरण | विस्तृत विवरण | आर्थिक वर्ष २०७८।७९को दर रु./बार्षिक | आर्थिक वर्ष २०७९।८० को प्रस्तावित्त दर रु./बार्षिक | कैफियत |
|---|---|---|---|---|---|
| १ | पक्की घर | एक तल्ला भएको | २५० | २५० | |
| २ | पक्की घर | एक तल्ला भन्दा बढि भएको | ४०० | ४०० | |
| ३ | कच्ची घर | | १०० | १०० | |
| ४ | मालपोत कर | अब्बल प्रतिरोपनी | २० | २० | २ वर्ष भन्दा लामो समय सम्म कर नबुझाउनेलाई जम्मा कर रकममा २५% १५ वर्ष भन्दा बढि समय कर नबुझाउनेलाई ३५% थप जरिवाना |
| | | दोयम प्रतिरोपनी | १५ | १५ | |
| | | सीम प्रतिरोपनी | १० | १० | |
| | | चाहार प्रतिरोपनी | ५ | ५ | |

| क्र.सं. | विवरण | विस्तृत विवरण | आर्थिक वर्ष २०७८।७९को दर रु./वार्षिक | आर्थिक वर्ष २०७९।८० को प्रस्तावित दर रु./वार्षिक | कैफियत |
|---|---|---|---|---|---|
| ५ | बहाल कर | कोठा वा घर भाडाको | १०.००% | १०.००% | आव सकिएको एक वर्षभन्दा लामो अवधि सम्म कर दाखिला नगरिएमा कर रकमा १५प्रतिशत जरिवाना लिने र दुई वर्ष भन्दा लामो अवधिसम्म कर नबुझाउनेलाई कर रकम २० प्रतिशत थप जरिवाना लगाउने |
| ६ | किराना पसल | थोक | १५०० | १५०० | |
| | | खुद्रा | १००० | १००० | |
| ७ | कपडा/ फेन्सी/ जुत्ता चप्पल/ब्याग/ कस्मेटिक | थोक | १५०० | १५०० | |
| | | खुद्रा | १००० | १००० | |
| ८ | होटल व्यवसाय | लजिङ फुडिङ सेवाको होटल | २००० | २००० | |
| | | खाना,चिया,नास्ता, होटल | १००० | १००० | |
| | | चिया,नास्ता, पसल | ५०० | ५०० | |
| ९ | उद्योग | क्रसर उद्योग सिफारिस | ५००० | ५००० | |
| | | क्रसर उद्योग दर्ता | २०००० | २०००० | |
| | | क्रसर उद्योग नविकरण | १०००० | १०००० | |
| | | ग्रिल उद्योग | २००० | २००० | |
| | | काष्ठ फर्निचर साना पुँजी | २००० | २००० | |
| १० | ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा र बालुवाको उत्खनन, उपयोग, बिक्री | प्रति घन फिट | ९।०० | बागमति प्रदेश सरकारले तोके बमोजिम | अघिल्लो आर्थिक वर्षहरुको राजस्व चालु आर्थिक वर्षको असोज मसान्त भित्र नबुझाएमा प्रति घन फिट थप २०% जरिवाना |
| ११ | माटो उत्खनन, उपयोग, बिक्री | प्रति घन फिट | २।५० | | |
| १२ | सिलाइ कटाई | साधारण सिलाई कटाई | ५०० | ५०० | |
| १३ | मदिरा पसल | वितरक | ८००० | ८००० | |
| | | थोक | ५००० | ५००० | |
| | | खुद्रा | १५०० | १५०० | |

CS CamScanner

| क्र.सं. | विवरण | विस्तृत विवरण | आर्थिक वर्ष २०७८।७९को दर रु./बार्षिक | आर्थिक वर्ष २०७९।८० को प्रस्तावित दर रु./बार्षिक | कैफियत |
|---|---|---|---|---|---|
| १४ | औषधी/एग्रोभेट/ | | १००० | १००० | |
| १५ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, अडियो, भिडियो ) | | १००० | १००० | |
| १६ | हार्डवेयर पसल | खुद्रा | १५०० | १५०० | |
| १७ | भाँडा पसल सबैखाले | खुद्रा | १००० | १००० | |
| १८ | फलफूल तथा तरकारी पसल | खुद्रा | ५०० | ५०० | |
| १९ | वित्तिय क्षेत्र | बचत तथा ऋण सहकारी | १५०० | १५०० | |
| | | मनि ट्रान्सफर, लघु वित्त | १५०० | १५०० | |
| २० | निजि शैक्षिक संस्था (ट्युसन सेन्टर) दर्ता | | २००० | २००० | |
| २१ | मिल | विद्युतिय कुटानी पिसानी पेलानी | १००० | १००० | |
| २२ | निर्माण व्यवसाय | "घ" वर्गको निर्माण व्यवसाय दर्ता शुल्क | ५००० | ५००० | |
| | | "घ" वर्गको निर्माण व्यवसाय नविकरण शुल्क | ३००० | ३००० | |
| | | विलम्ब शुल्क | ४००० | घ वर्ग को निर्माण व्यवसाय कार्यविधिमा तोकिए अनुसार | |
| | | सेवा शुल्क | २५०० | २५०० | |
| | | प्रतिलिपि | १००० | १००० | |
| | | निर्माण व्यवसाय सूचीकृत | ५००० | ५००० | |
| २३ | झोला कुम्ला व्यापारी | पटके शुल्क प्रति कुम्ला रसिद अनिवार्य गाँउपालिका भर १५ दिन सम्म म्याद हुने | २०० | २०० | |
| २४ | गाडि मार्फतको हुने छोटो समयको व्यापार | गाडि सहित सामान विक्रि गर्न आउने व्यापरी | | १००० | रसिद काटेको मिति देखि ७ दिन सम्म म्याद हुने |
| २५ | अन्य नतोकिएका व्यवसाय | | १००० | १००० | |
| २६ | सवारी पटके शुल्क | | | मापदण्ड बमोजिम | |
| २७ | जडिबुटी | पाँचऔले,घोडताप्रे,सतुवा,वन आलु लगाएतका सबै प्रकारका जडिबुटीहरुको प्रचलित बजार मुल्यको | ५.००% | ५.००% | |
| २८ | काठको उपयोग तथा निकासी | प्रतिघन फिट | ५ | ५ | |

CamScanner

| क्र.सं. | विवरण | विस्तृत विवरण | आर्थिक वर्ष २०७८।७९को दर रु./बार्षिक | आर्थिक वर्ष २०७९।८० को प्रस्तावित दर रु./बार्षिक | कैफियत |
|---|---|---|---|---|---|
| २९ | कवाडी माल | सिसा, कागज, प्लाष्टिक प्रतिकिलो | ०.५ | ०.५ | |
| ३० | कानुनले निषेध गरेको बाहेक अन्य मृत वा मारिएका जीव जन्तुको हाड, सिङ, छाला, प्वाँख | कुल मुल्यको | २.००% | २.००% | |
| ३१ | होर्डिङ बोर्ड | प्रति बर्गफिट | २० | २० | व्यापारिक हिसाबले विज्ञापन गरिएकाको हकमा मात्र लागु हुनेछ |
| ३२ | रङ्गिन विज्ञापन (प्लेक्स) | प्रति बर्गफिट | १० | १० | |
| ३३ | अन्य पोष्टर पम्पलेट | प्रतिबर्गफिट | ५ | ५ | |
| ३४ | मेला महोत्सव | प्रतिदिन | १००० | १००० | |
| ३५ | सार्वजनिक स्थलमा ढुङ्गा गिट्टी बालुवा थुपारे वापत | प्रतिदिन | १०० | १०० | |
| | सिफारिस र प्रमाणित शुल्क | | | | |
| ३६ | | नाता प्रमाणित | ३०० | ३०० | |
| ३७ | | जन्म मिति प्रमाणित | २०० | २०० | |
| ३८ | | बिबाहित प्रमाणित | २०० | २०० | |
| ३९ | | अविवाहित प्रमाणित | २०० | २०० | |
| ४० | | घर पाताल प्रमाणित | ३०० | ३०० | |
| ४१ | | व्यक्तिगत विवरण प्रमाणित | २०० | २०० | |
| ४२ | | हकवाला वा हकदार प्रमाणित | ५०० | ५०० | |
| ४३ | | कागज र मञ्जुरीनामा प्रमाणित | १०० | २०० | |
| ४४ | | जग्गा मुल्याङ्कन सिफारिस प्रमाणित गर्ने कुल मुल्यको | ०.१५ | ०.१५ प्रतिशत | |
| ४५ | | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | ० | ० | |
| ४६ | | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५००० | ५००० | |
| ४७ | | संरक्षक प्रमाणित | १५० | १५० | |
| ४८ | | अङ्ग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने | ५०० | ५०० | |
| ४९ | | अपाङ्गता सिफारिस | ० | ० | |
| ५० | | नाबालक परिचय पत्र सिफारिस | ५० | १०० | |

| क्र.सं. | विवरण | विस्तृत विवरण | आर्थिक वर्ष २०७८।७९को दर रु./बार्षिक | आर्थिक वर्ष २०७९।८० को प्रस्तावित दर रु./बार्षिक | कैफियत |
|---|---|---|---|---|---|
| ५१ | | नागरिकता सिफारिस | १०० | १०० | |
| ५२ | | नागरिकता प्रतिलिपि सिफारिस | २०० | २०० | |
| ५३ | | संस्थागत संरक्षक सिफारिस | १५० | १५० | |
| ५४ | | व्यक्तिगत संरक्षक सिफारिस | ० | ० | |
| ५५ | | वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस | ३०० | ३०० | |
| ५६ | | छात्रवृत्ती सिफारिस ( विपन्न छात्रवृत्ती निशुल्क) | १५० | १५० | |
| ५७ | | बहाल करको लेखाजोखा सिफारिस | १५० | १५० | |
| ५८ | | मोहि लगत कट्टाको सिफारिस | १५० | १५० | |
| ५९ | | घरजग्गाकरको लेखाजोखा गरी सिफारिस | २०० | २०० | |
| ६० | | व्यापार व्यवसाय बन्द भएको, नभएको वा व्यापार व्यवसाय हुदै नभएको सिफारिस | १०० | १०० | |
| ६१ | | मिलापको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस | २०० | २०० | |
| ६२ | | निशुल्क स्वास्थ्य उपचार सिफारिस | ० | ० | |
| ६६ | | सशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | १०० | |
| ६७ | | पुर्जामा पक्की घर कायम गर्ने सिफारिस (प्रति वर्गमि ) घरले चर्चेको | ५ | ५ | |
| ६८ | | पुर्जामा कच्ची घर कायम गर्ने सिफारिस (प्रति वर्गमि ) घरले चर्चेको | ३ | ३ | |
| ६९ | | चार किल्ला सिमाना कायम प्रमाणित | ३०० | ३०० | |
| ७० | | फरक-फरक नाम, थर,जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | २०० | २०० | |
| ७१ | | नाम थर वा जन्म मिति संशोधनको सिफारिस | २०० | २०० | |
| ७२ | | अस्थायी/स्थायी बसोबास सिफारिस | ५०० | ५०० | |
| ७३ | | जग्गा दर्ता सिफारिस | २०० | २०० | |
| ७४ | | जगाधनी पुर्जा हराएको सिफारिस | २०० | २०० | |

CamScanner

| क्र.सं. | विवरण | विस्तृत विवरण | आर्थिक वर्ष २०७८।७९को दर रु./वार्षिक | आर्थिक वर्ष २०७९।८० को प्रस्तावित दर रु./वार्षिक | कैफियत |
|---|---|---|---|---|---|
| ७५ | | कित्ताकाट गर्न सिफारिस | २०० | २०० | |
| ७६ | | जग्गा नामसारी मुचुल्का सिफारिस | १००० | १००० | |
| | | सेयर नामसारी मुचुल्का सिफारिस | ५०० | ५०० | |
| ७७ | | जग्गाको हक सम्बन्धमा सिफारिस | २०० | २०० | |
| ७८ | | मृतकसँगको नाता प्रमाणित तथ सर्जमिन सिफारिस | २०० | २०० | |
| ७९ | | जीवित रहेको सिफारिस | १०० | १०० | |
| ८० | | उद्योग ठाँउसारी गर्न सिफारिस | ५०० | ५०० | |
| ८१ | | विद्यालय खोल्न सिफारिस | ५०० | ५००० | |
| ८२ | | विद्यालयको कक्षा थप गर्न सिफारिस प्रति कक्षा | ५०० | ५०० | |
| ८३ | | विद्यालय ठाँउसारी गर्न सिफारिस | ५०० | ५०० | |
| ८४ | | पालनपोषणका लागि सिफारिस | ० | ० | |
| ८५ | | विद्युत जडानको लागि सिफारिस | १०० | १०० | |
| ८६ | | संस्थादर्ता सिफारिस | ५०० | ५०० | |
| ८७ | | कक्षा ८ को ग्रेडसिट प्रतिलिपी | २०० | २०० | |
| ८८ | | शिक्षक सरुवा सहमति /अनुमति मा.वि | १५०० | १५०० | |
| ८९ | | शिक्षक सरुवा सहमति /अनुमति आ.वि | १००० | १००० | |
| ९० | सर्जमिन मुचुल्का | | ५०० | ५०० | |
| ९१ | योजना सम्झौता सिफारिस | | २०० | २०० | |
| ९२ | योजनाको भुक्तानी फरफारक सिफारिस | | २०० | २०० | |
| ९३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | ५०० | ५०० | |
| ९४ | साना तथा लघु उद्योग दर्ता सिफारिस | | १५०० | १५०० | |
| ९५ | कोर्ट फि मिनाहा सिफारिस | | ० | ० | |
| ९६ | चौपाया सम्बन्धी सिफारिस | प्रति चौपाया | २० | २० | |

CamScanner

| क्र.सं. | विवरण | विस्तृत विवरण | आर्थिक वर्ष २०७८।७९को दर रु./बार्षिक | आर्थिक वर्ष २०७९।८० को प्रस्तावित दर रु./बार्षिक | कैफियत |
|---|---|---|---|---|---|
| ९७ | पशु चौपाया आयात। निर्यात | प्रति चौपाया | २० | २० | |
| | भेडा च्याङग्रा उनको आयत/निर्यात | प्रति केजि | | ३ | |
| ९८ | घरजग्गा नक्सा पास दस्तुर | पक्की घर | ५००० | ५००० | |
| ९९ | घर सम्पन्न सिफारिस | पक्की घर | १००० | १००० | |
| १०० | व्यक्तिगत घटना दर्ता जरिवाना शुल्क (३५ दिन भित्र निशुल्क) | जन्म दर्ता | विद्यमान घटना दर्ता ऐन नियमावली बमोजिम | विद्यमान घटना दर्ता ऐन नियमावली बमोजिम | |
| | | मृत्यु दर्ता | | | |
| | | विवाह दर्ता | | | |
| | | बसाइसरइ | | | |
| | | सम्बन्ध विच्छेद | | | |
| १०१ | कवाडी मालफलाम | प्रति केजी | १।५ | १।५ | |
| १०२ | कवाडी माल टिन, कागज | प्रति केजी | ०।५ | ०।५ | |
| १०३ | कृषक समूह तथा उपभोक्ता समिति दर्ता तथा नविकरण | वार्षिक | १०००। | १०००। | |
| | फर्म दर्ता सिफारिस | पटक | ५००।- | ५००।- | |
| १०४ | वडाबाट हुने साधारण सिफारिस | प्रति सिफारिस | १००। | १००। | |
| १०६ | यान्त्रिक उपकरण कर (गाउँपालिका स्काभेटर) | | यान्त्रिक उपकरण कार्यविधि २०७६ बमोजिम | यान्त्रिक उपकरण कार्यविधि २०७६ बमोजिम | |

CamScanner